# राइनास नगरपालिका
## नगर कार्यापालिका कार्यालय
## तीनपिप्ले, लमजुङ
## ४ नं. प्रदेश, नेपाल

# बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : (२०७४/०८/२०)**

चालु आ.व. ०७४/०७५ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित निर्माण कार्य ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण व्यवसाय ऐन, २०५५ बमोजिम इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७३/०७४सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको बोलपत्र दस्तूर तिरी (पछि फिर्ता नहुने) प्रथम पटक सूचना प्रकाशित भएको ३० दिन भित्र कार्यालय समयमा यस कार्यालयबाट ईच्छुक बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको **लमजुङ, बेसिशहर स्थित राष्ट्रिय बाणिज्य बैंकको खाता नं. ग.४.१. ३०४०३०४०१८१०३** मा जम्मा गरेको भौचर वा नगदै तिरेको सक्कल रसिदलाई बोलपत्र कागजात साथ पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४. बोलपत्र दर्ता भएको दिनको १४.०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताहरुको रोहवरमा बोलपत्र खोलिने छ । बोलपत्रदाताको अनुपस्थिती भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिइने छ ।

६. शिलबन्दी बोलपत्र फारामसाथ जमानत वापत तोकिएको रकम यस कार्यालयको **लमजुङ, बेसिशहर स्थित राष्ट्रिय बाणिज्य बैंकको खाता नं. ग.४.१. ३०४०३०४०१८१०३** मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने इजाजत प्राप्त वाणिज्य बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० औं दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

७. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ । बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

१०. मिति ०७४/०९/११ गते दिनको १४.०० बजे बोलपत्रदाताहरुसंग बोलपत्र सम्बन्धि कागजात प्राविधिक स्पेसिफिकेसन निर्माण स्थल वा अन्य यस्तै कुरा सम्बन्धि छलफल गर्नका लागि यस कार्यालयमा बैठकको आयोजना हुनेछ ।

११. शर्त रहेको, रीत नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ संसोधन २०७३ र सार्वजनिक खरिद नियमावली २०६४ संसोधन २०७३ बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र मोवाइल नं. ९८५६०१३१११ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**बोलपत्र सम्वन्धी कार्यको विवरण**

| ठे.नं. | कामको विवरण | ल.ई. रकम रु (मु.अ.कर र कन्टेजेन्सी बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तूर | कैफियत |
|---|---|---|---|---|---|
| Rainas Municipality/ Lamjung/01/074-075 | बोराङखोला (मसार)- प्यारजुङ सडक | **५९,१२,३१७।००** | **१,४८,०००।००** | ३०००।०० | बोलपत्र |

**प्रमुख प्रशासकिय अधिकृत**